


निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।

eprateekdaily.com



PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक

दैनिक

eprateekdaily.com



kirloskar

Oil Engines

डिजल पम्प



रोटाभेटर



अधिकृत बिक्रेताः

महाकाली इन्टरनेशनल प्रा.लि.

मुर्ली, वीरगंज-१३, पर्सा

मो: ९८५५०२२५८०



❖ वर्ष ३५ ❖ २०७९ वैशाख ७ गते शनिवार // मृत भस्म नबन्दैमा भिल्को भैकन बल्नुछ // 2022 May 21 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २६२


## छिपहरमाई, सखुवाप्रसौनीमा एमाले, जगरनाथपुरमा काङ्ग्रेस

प्रस, वीरगंज, ६ जेठ/

स्थानीय तह निर्वाचन अन्तर्गत शुक्रवार पर्सा जिल्लाको तीनवटा पालिकाको मतगणना सार्वजनिक भएको छ । छिपहरमाई, जगरनाथपुर र सखुवापरसौनी गाउँपालिकाको मत परिणाम सार्वजनिक भएको र एमालेले दुई स्थान तथा नेपाली काङ्ग्रेसले एक स्थानमा जीत हासिल गरेको छ ।

जगरनाथपुर गापामा नेकाका श्रीकान्त यादव विजयी भए । उनले ५ हजार ७४९ मत ल्याए भने उनका प्रतिद्वन्द्वी एमालेका महम्मद सलीम मन्सुरले ३ हजार ९२६ मत ल्याए ।

यसैगरी उपाध्यक्षमा पनि नेकाकी बबिता सिंह ५ हजार ५३१ मत ल्याएर विजयी भइन्। उनकी प्रतिद्वन्द्वी एमालेकी मीरादेवी कुर्मीले ३ हजार ३४५ मत ल्याइन् ।



सखुवाप्रसौनी गापाका अध्यक्ष यशवन्त यादव र उपाध्यक्ष शर्मिला विष्ट महतो

सखुवापरसौनी गापामा नेकपा एमालेका जसवन्त यादव विजयी भए । उनले ६ हजार ६४१ मत ल्याए। उनका प्रतिद्वन्द्वी निवर्तमान प्रमुख एवं जसपाका उम्मेदवार प्रदीपकुमार जयसवालले ४ हजार ८१० मत ल्याए।

उपाध्यक्षमा जसपाकी शर्मिला विष्ट महतो विजयी भइन् । उनले ४ हजार ४६८ मत ल्याइन् । उनकी प्रतिद्वन्द्वी एमालेकी फूलमतीकुमारी थरूनीले ४ हजार २५६ मत ल्याइन् ।



जगरनाथपुर गापाका अध्यक्ष श्रीकान्त यादव र उपाध्यक्ष बबिता सिंह

**सुग्रीव साह, भिस्वा/**

छिपहरमाई गाउँपालिकाको मत गणना परिणाम सार्वजनिक भएको छ र अध्यक्षमा एमालेका मनोजकुमार गुप्ता दोस्रोपटक निर्वाचित भएका छन्। उनले ४ हजार १८८ मत ल्याए । उनका प्रतिद्वन्द्वी जसपाका इन्द्रासन साह कलवारले ३ हजार ८६८ मत ल्याए ।

स्थानीय तहको निर्वाचनमा पर्सा जिल्लाको मतगणना सार्वजनिक भएको १३ वटा पालिकामध्ये छिपहरमाई गापाका अध्यक्ष गुप्ता मात्र पुनः निर्वाचित भएका छन्। १२ वटा पालिकामा पूर्वप्रमुखहरूको पराजय भएको छ। कालिकामाई गापाका अध्यक्ष नथुनीप्रसादको मृत्यु भएको र उनीबाहेक यसपटकको निर्वाचनमा पहिले जितेकाहरू सबै चुनावी मैदानमा थिए ।



छिपहरमाई गापा अध्यक्ष मनोज गुप्ता र उपाध्यक्ष लीलावती देवी

छिपहरमाई गापामा घोषित मत परिणाम अनुसार उपप्रमुखमा नेपाली काङ्ग्रेसकी लीलावतीदेवी कानू विजयी भएकी छन्। उनले ३ हजार ७६१ मत ल्याइन् । उनका प्रतिद्वन्द्वी एमालेकी मोदिना खातुनले ३ हजार ५९० मत पाइन्। १ देखि ५ सम्मको वडाध्यक्ष क्रमशः भुल्टुन यादव (नेका), महेन्द्र कलवार (एमाले), दीपेन्द्र सिंह (नेका), रामेश्वरमहतो केवट (नेका), मौजीलाल साह कानू (एमाले) निर्वाचित भएको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

## वडाध्यक्षमा गुप्ता, चतुर्वेदी, मिश्र र महतो विजयी

नितेश कर्ण, वीरगंज, ६ जेठ/

वीरगंज महानगरपालिकाको मतगणना जारी छ । शुक्रवार जारी मतगणनामा सत्तारूढ ५ दलीय गठबन्धनबाट जसपाका नगरप्रमुखमा उम्मेदवार राजेशमान सिंहले अग्रता कायमै राखेका छन् ।



वडाध्यक्षमा निर्वाचितहरू जवाहरप्रसाद गुप्ता, आशुतोष चर्तुवेदी, शम्भु मिश्र र सरयुग महतो

वैशाख ३१ गतेदेखि जारी मतगणनामा नगरप्रमुखका उम्मेदवार सिंहले एमाले-लोसपा गठबन्धनबाट एमालेका उम्मेदवार निवर्तमान नगरप्रमुख विजयकुमार सरावगीलाई अगाडि बढ्न दिएका छैनन्। शुक्रवारसम्म सिंहले २४ हजार ३१६ मत ल्याएका छन् भने सरावगीले १२ हजार ४८९ मत ल्याएका छन्। राप्रपाका गिरीश गिरीले १ हजार ४८७ मत पाएका छन् ।

उपप्रमुखमा सत्तारूढ ५ दलीय गठबन्धनबाट नेकाका इम्तियाज आलमले १७ हजार ७५, एमाले-लोसपा गठबन्धनबाट लोसपाका पुरुषोत्तमलाल झाले ३ हजार ६७४, राप्रपाकी बिना जयसवालले २ हजार ६३९ र स्वतन्त्र उम्मेदवार रम्भा मिश्रले २ हजार २८७ मत पाएकी छन् ।

मतदान भएको ९५ हजार ३२५ मध्ये करीब आधा मतगणना भइसकेको छ। वडाध्यक्षहरू पनि निर्वाचित हुने क्रम जारी छ ।

यसैबीच शुक्रवार चारवटा वडाको वडाध्यक्ष विजयी भएका छन्। वडा नं. ९ मा नेपाली काङ्ग्रेसका जवाहिरप्रसाद गुप्ता, वडा नं. २६ मा नेपाली काङ्ग्रेसका शम्भु मिश्र दोस्रोपटक निर्वाचित भएका छन् । यसैगरी वडा नं. २८ मा नेकाकै सरयुग महतो निर्वाचित भएका छन् । वडा नं. २५ मा जसपाका आशुतोष चतुर्वेदी निर्वाचित भएका छन् ।

शुक्रवार सम्पन्न मत परिणाम अनुसार वडाध्यक्षमा नेकाको ७, जसपाको ६, एमालेको २, लोसपाको १ सिटमा जीत भइसकेको छ । शुक्रवारसम्म नेकाले वडा नं. २, ४, ७, ९, २६, २७, २८, जसपाले १, ३, २५, २९, ३० र ३२, एमालेले ५ र ३१ तथा लोसपाले ६ नं. वडामा जीत हासिल गरिसकेको छ ।

अहिलेसम्म ४७ हजार ७५४ मत गणना भएकोमा प्रमुखमा ९ हजार ६६८ र उपप्रमुखमा २१ हजार ८७३ मत बदर भएको छ। उपप्रमुखमा सदर मत सङ्ख्या २५ हजार ३८१ रहेको छ ।

अहिले ८, १०, ११, २२, २३, २४ वडाको मत गणना भइरहेको छ ।

## पराजयपछि छिमेकी कुटेको आरोपमा यादव पक्राउ

प्रस, वीरगंज, ६ जेठ/

वीरगज महानगरपालिका-२७ का नेकपा एमालेका नेता तथा पूर्व वडाध्यक्ष प्रदीप यादवले स्थानीय चुनावमा पराजय भोगेपछि छिमेकीलाई कुटपिट गरेका छन्। उनले छिमेकीलाई कुटपिट गराएको आरोपमा प्रहरीले उनीसहित तीनजनालाई पक्राउ गरेको छ ।



नारायणी अस्पतालमा उपचार गराउँदै घाइतेहरू । तस्वीरः प्रतीक

कुटपिटबाट महम्मद मियाँ, आयशा खातुन, जहिर हवारी, नुरैन हवारी, न्यामत नेशा, महम्मद मनीफ घाइते भएका छन् । उनीहरूमध्ये चारजना उपचारपछि घर फर्केका र दुईजनाको अस्पतालमा उपचार भइरहेको छ ।

वडा नं. २७ बाट यादवलाई पराजित गरी नेपाली काङ्ग्रेसका हृदयनारायणप्रसाद कुर्मी विजयी भएका हुन् । कुर्मीले विजय जुलूस निकालेको मौका छोपी एमालेका यादवले काङ्ग्रेस समर्थकहरूको घरमा प्रवेश गरेर कुटपिट गरेको आरोप छ ।

वडा प्रहरी कार्यालय, श्रीपुर समयमा पुगेर विवाद बढ्न रोकेको र संलग्नमध्ये

(बाँकी अन्तिम पातामा)

## कलैया उपमहानगरपालिकामा एमालेको जीत

प्रस, वीरगंज, ६ जेठ/

कलैया उपमहानगरपालिकाको प्रमुख/उपप्रमुखमा एमालेका उम्मेदवार विजयी भएका छन् ।

शुक्रवार सम्पन्न मतगणनामा नेपाली काङ्ग्रेसका उम्मेदवार निवर्तमान नगरप्रमुख राजेशराय यादवलाई पराजित गर्दै एमालेका विनोद साह प्रमुखमा विजयी भएका हुन् ।

गत स्थानीय चुनावमा उनी पराजित भएका थिए। यसपटकको चुनावमा साह ५ हजारभन्दा बढी मतान्तरले विजयी भएका हुन्। साहले २४ हजार ९३१ मत पाए भने यादवले १८ हजार ५४० मत पाए । साहले यसपटक मतगणना शुरू भएदेखि नै यादवलाई अगाडि बढ्नै दिएनन् ।

उपप्रमुखमा एमालेकै रोशन परविन विजयी भएकी छन् । उनले १९ हजार २५९ मत पाएकी छन् भने उनका निकटतम प्रतिद्वन्द्वी सत्तारूढ गठबन्धनबाट लोसपाका प्रमोद गुप्ताले १८ हजार ३०२ मत पाएका छन् । गुप्ता पहिलो संविधानसभामा विजयी भएका हुन् भने गत स्थानीय चुनावमा नगरप्रमुखमा पराजित भएका थिए। गुप्ता मतगणनाको शुरूआतदेखि बुधवारसम्म अग्रस्थानमा थिए। तर हिजोदेखि उनी पछाडि परे र अन्ततः हार बेहोरे ।



कलैया उपमनपाका प्रमुख विनोद साह र उपप्रमुख रौशन परविन

कलैया उपमहानगरपालिकामा २७ वटा वडा छन् र सबैको नतीजा शुक्रवार सार्वजनिक भइसकेको छ ।

कलैया उपमहानगरपालिकामा कुल जनसङ्ख्या १,४१,१७९ रहेको छ भने कुल मतदाता सङ्ख्या ७०,३५६ छ । जसमा ३९,६६२ पुरुष र ३०,६९३ महिला छन् ।

## मलाई आफ्नै पार्टीका केही नेताले हराए- नीतेन्द्र

प्रस, वीरगंज, ६ जेठ/

बहुदरमाई नगरपालिका निर्वतमान प्रमुख नीतेन्द्रसाह तेलीले शुक्रवार पत्रकार सम्मेलन गरेर नेपाली काङ्ग्रेसका केही नेताहरूको कारण आफूले पराजय भोग्नुपरेको दुःखेसो पोखेका छन् ।

नेपाल पत्रकार महासङ्घ, पर्सा शाखाको सभाकक्षमा आयोजित पत्रकार सम्मेलनमा साहले आफ्नै दलका नेता, प्रदेशसभा सदस्य राजेश्वरसाह तेलीलगायतले असहयोग गरेको कारण आफूले पराजय भोग्नुपरेको आरोप लगाए ।



तस्वीरः प्रतीक

उनले आफ्नो जीत निश्चित भएको तर प्रदेशसभा सदस्य तेलीले आफ्ना भाइ प्रमोद साहलाई स्वतन्त्र उम्मेदवार बनाएको र उनले आफ्नो भोट काटेको आरोप लगाए ।

उनले गत स्थानीय निर्वाचनमा पनि पार्टीका केही नेताहरूको असहयोगको बावजूद आफूले जितेको र यसपटक पनि जीत निश्चित हुँदाहुँदै पराजय भोग्नुपरेको बताए ।

## विचारसार र सूक्तिहरू

**आफ्नो लक्ष्यलाई कहिल्यै बिर्सिनुहुन्न, अन्यथा जे पाउँछौं त्यसैमा तिमीले सन्तोष मान्न थाल्छौं ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com

# नयाँ कार्यकाल शुरू

**स्थानीय तहमा नयाँ जनप्रतिनिधिको कार्यकाल शुरू भयो । २०७४ मा निर्वाचित जनप्रतिनिधिहरूको कार्यकाल बिहीवार राति सकिएपछि शुक्रवारदेखि नयाँ जनप्रतिनिधिको कार्यकाल शुरू भएको हो । मुलुकका सबै पालिकाहरूको कार्यकाल एकै साथ शुरू भएको मानिने निर्वाचन आयोगले जानकारी गराइसकेको छ । निर्वाचन सम्पन्न भएको कुल ७५३ पालिकामध्ये एक साता अर्थात् आज शुक्रवारसम्म ६४३ पालिकाको मतपरिणाम सार्वजनिक भइसकेको छ । मतगणना सम्पन्न भएका पालिकाका जनप्रतिनिधिहरूलाई एक साता अर्थात् आउँदो शुक्रवारसम्म शपथ ग्रहण गराइसक्ने आयोगको कार्यतालिका छ । २०७४ सालमा स्थानीय तहको निर्वाचन तीन चरणमा भएको थियो । वैशाख, असार र असोजमा र ६ महीनाको फरकमा निर्वाचन सम्पन्न भएर कार्यकाल थालनी गरेका जनप्रतिनिधिहरू सबैको कार्यकाल आज एकै साथ सकिएको हो । यस विषयमा केही बहस पनि चलेको थियो । पछिल्लो चरणमा निर्वाचित जनप्रतिनिधिले कार्यभार सम्हालेको साढे चार वर्ष मात्रै भएको हुँदा उनीहरूले पाँच वर्ष पूरा अवधि काम गर्न पाउनुपर्ने तर्क अगाडि सारेका थिए । आउँदो चुनावमा यो विवाद नरहने भएको छ ।**

**यसपटकको चुनावमा हालसम्मको परिणाम अनुसार अधिकांश पालिकाहरूमा जनप्रतिनिधि नयाँ आएका छन् । अघिल्लो चुनावमा एक पार्टीले जितेको स्थानमा अपवाद बाहेक यसपटक अर्को पार्टीले जितेको छ । बितेको कार्यकाल कुनै पनि पालिकामा मतदाताका लागि उत्साहजनक रहेन भन्ने कुरा यस पटकको परिवर्तित परिणामले पुष्टि गर्दैछ । पालिकाबाट जुन किसिमको आशा मतदाताले राखेका थिए, चुनावी घोषणा पत्रमा जाहेर गरेको प्रतिबद्धता पूरा हुन सकेन जसले गर्दा मतदाता परिवर्तनको पक्षमा उभिएका हुन् । हुनत पहिलो कार्यकालका जनप्रतिनिधिहरूलाई असफल भन्न मिल्दैन । असफल वा अकर्मण्य हुने हो भने केही पालिकाको हुने थियो । तर यस पटकको परिणाम अधिकांशमा परिवर्तन छ ।**

**नयाँ आएका जनप्रतिनिधिहरूले पनि चुनाव जित्नका लागिसक्दो आश्वासन बाँडेका छन् । कतिपयले त पाँच बर्षमा हुने पालिकाको बजेटभन्दा कैयौं गुना बढी विकास निर्माणको आश्वासन दिएका छन । नयाँको पहिलो कार्यकाल शुरू भइसक्यो । केही पालिकाहरूमा मत गणनाको ढिलासुस्तीले गर्दा शपथ ग्रहणमा विलम्ब भएको छ । यसपालि हतारमा बजेट ल्याउनुपर्ने अवस्था छ । पूर्व तयारीका लागि समय छैन । कार्यभार सम्हाल्दा–सम्हाल्दै जेठ १५ बित्नेछ । त्यसमाथि अब १५ दिनभित्रै फेरि नगर तथा गाउँपालिकाहरूको कार्यपालिका निर्वाचित गर्नुपर्नेछ । सबभन्दा टडकारो चुनौती करीब एक महीनाभित्र आफ्नो पालिकाको नीति, कार्यक्रम अनि बजेट निर्माण गर्नुछ । स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहहरूलाई नीति तथा कार्यक्रम अनि बजेटका लागि असार १० सम्मको सीमा तोकिदिएको छ । असार मसान्तभित्र आर्थिक तथा विनियोजन ऐन पारित हुन सकेन भने उक्त स्थानीय तहले राजस्व उठाउन र बजेट खर्च गर्न पाउँदैन । बजेट विनियोजनमा अबको ध्यान प्राथमिकीकरणमा हुनुपर्छ । पहिले नै एक कार्यकाल सम्हालिसकेकाहरूलाई गाह्रो नहोला तर नयाँलाई चुनौती छ । हतार हतारमा बजेट बनाउँदा प्राथमिकता र उपलब्ध स्रोतको तालमेल मिल्न नसक्ने जटिलता**

# संसदीय राजनीतिको मूल चरित्र नै धोका दिनु हो

स्वतन्त्र विचार



बैधनाथ श्रमजीवी
baidhnath2071@gmail.com

**देशको प्रधानमन्त्री भएपछि बस्न र उठ्न त जानुपर्‍यो नि कि अरूले उठाइदिनुपर्ने ? यस्तो अवस्था भइसक्दा पनि कुर्सी छोड्न नमान्ने अनि ज्योतिषीले अझै सातचोटि प्रधानमन्त्री बन्नुहुन्छ भनेको भन्दै प्रधानमन्त्री बन्दै गएपछि देशमा यहाँभन्दा अर्को गाईजात्रा हेर्न के बाँकी रहला ?**

स्थानीय निर्वाचन सकेको एक हप्ता हुन लागेको छ । कथित मतादेशहरू धमाधम मतपेटिकाहरूबाट बाहिर निस्किन लागेका छन् । हालसम्म देशभरिमा गनिएको मतपत्र अनुसार पहिलो नम्बरमा नेपाली काङ्ग्रेस छ भने दोस्रो स्थानमा नेकपा एमाले छ । अपेक्षा गरिए अनुसार न त राजावादीहरूले आफ्नो स्थान देखाउन सकेका छन्, न त एमालेबाट चोइटिएको एकीकृत समाजवादी वा अरू नै कोही पनि । यसबीचमा दलहरूले एकअर्कामाथि आरोप–प्रत्यारोप लगाउन थालेका छन् । खासगरी पाँच दलीय गठबन्धनका दलहरू सबैले एकअर्कालाई आफूलाई धोका दिएको आरोप लगाइरहेका छन् । चुनावी माहोलमा सबैभन्दा बढी 'हात्ती आयो हात्ती आयो फुस्सा'को अवस्थामा राजावादीहरू राप्रपा, माधवकुमार नेपाल र प्रचण्डको दललाई हुन पुगेको छ । अबको चुनाव प्रदेश र सङ्घ दुवैको वाम महागठबन्धन बनाएर नेपाली काङ्ग्रेसविरुद्ध लड्ने बुद्धि एकचोटि फेरि कथित वाम नेताहरूको घैंटोमा घाम लागेको भए तापनि घैंटोभित्र घाम छिर्न भने गाह्रो रहेको छ । यस सन्दर्भमा नेकपा एमालेका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपीशर्मा ओलीले वाम एकता हुने शर्तको रूपमा दुईटा कुरा अगाडि सारेको सामाजिक सञ्जालहरूमा देखा परेको छ । पहिलो, वाम नेताहरू खासगरी झलनाथ खनाल, माधवकुमार नेपाल र पुष्पकमल दाहाल प्रचण्डसमेतले ओली सरकार खसालेर शेरबहादुर देउवाको नेतृत्वमा सरकार बनाउनु गलत थियो भन्ने अर्को कुरा स्वीकार गर्नुपर्‍यो । दोस्रो, ती नेताहरूले एमाले सरकारको बेलामा प्रधानमन्त्रीको रूपमा केपीशर्मा ओलीले चालेको संसद् विघटनदेखिको सम्पूर्ण कदम जुन हिजो ती नेताहरूले प्रतिगामी भनेका थिए, ती सबै सही थियो भनेर भन्नुपर्‍यो ।

उपरोक्त दुवै कुरा सर्प–छुचुन्द्रको हालजस्तै हुनेवाला छ । जसरी विषालु सर्पले अँध्यारोमा मुसा भनेर छुचुन्द्रलाई समातेपछि खाउँ भने सर्पको मृत्यु निश्चित छ, ओकली दिउँ भने जीवनभर अन्धो बन्ने निश्चित छ । हो, यही हालतमा माधव, झलनाथ र प्रचण्ड पुग्ने लगभग पक्का देखिएको छ । जहाँसम्म धोका दिएको कुरा छ, यसबारेमा कसैले पनि झूटो बोलेको छैन । वास्तवमा संसदीय राजनीति भनेकै धोका, षड्यन्त्र, फट्याइँ र भ्रष्ट आचरणको खेलबाहेक केही पनि होइन भन्ने कुरा संसारभरिको संसदीय राजनीतिको चरित्र हेर्दा स्पष्ट हुन्छ ।

कथित प्रजातन्त्रमा सबैको मालिक जनतालाई लोकतन्त्र र जनतन्त्र वा जनतन्त्रका हिमायतीहरूले बताउँदै आएका छन् । अझै उनीहरू जनताद्वारा जनताको लागि जनताको सरकार भनेर हाकाहाकी भन्ने गर्दछन् । तर जब दिल्लीमा भारतीय किसानहरू आफ्ना मागहरू लिएर शान्तिपूर्ण जुलूस गर्न आए, अनि त्यतिबेला उनीहरूमाथि सत्ताको डन्डा, बुट र बारुद बजारिन्छ । जब नेपालमा मधेसीहरू हकको कुरा लिएर सडकमा ओर्लिन्छन्, तब उनीहरूलाई रूखबाट पाँच/दश वटा आँप झर्दैमा केही हुन्न भन्दै छाती र टाउकोमा ताकेर गोली ठोकिन्छ । अनि यस्तोमा प्रश्न उठ्छ, के यो कथित प्रजातान्त्रिक सरकारको जनताप्रति गरिएको इमानदार व्यवहार हो ? अथवा घोर धोका हो ? के हो ?

जब एउटा कथित लोकतान्त्रिक सरकारले जनताको शान्तिपूर्ण माग पनि सुन्न सक्दैन भने सत्तामा बस्नको लागि कुर्सीमा बसिरहेपछि पाइने भागबन्डा र लाभको अवसरको निरन्तरताको लागि एकअर्काको पिठ्यूँमा छुरा हान्नु यस्ता निकृष्ट स्वार्थी तथा दलाल भ्रष्ट नेताहरूको लागि कुनै अनौठो कुरा होइन । वास्तवमा सम्पूर्ण संसदीय दलहरूले एकअर्कालाई धोका दिनु उसको मुख्य चरित्र नै हो । धोका दिन जसले जति चतुर्‍याइँ प्रयोग गर्न सक्छ, ऊ त्यति धेरै दिनसम्म सरकारमा टिकिरहन्छ ।

यसपालिको निर्वाचनमा काठमाडौंमा स्वतन्त्र उम्मेदवार बालेन्द्र शाह निकै चर्चाको विषयमा रहेको देखियो । मधेसीको म पनि सुन्न नचाहने पहाडे सत्ताको राजधानीमा मधेसी उम्मेदवार त्यो पनि एउटा वर्ण व्यवस्थाले तल्लो जातको रूपमा राखेको तेलीले चुनाव जित्नु वा जित्न लाग्नु यसै पनि चर्चा हुने नै भयो । झन् त्यसमा कथित प्रजातन्त्रवादी भन्न रुचाउने वरिष्ठ पत्रकारले बालेन्द्र साह राजावादी भएको भनिदिंदा 'के खोज्छस् कानो आँखो' भनेजस्तै हुन गएको छ । बालेन्द्र शाह राजावादी हुनु वा राजावादीले चुनाव जित्नुमा कथित लोकतन्त्रवादी तथा गणतन्त्रवादीहरू नेता र दलहरूको विगतको अलोकतान्त्रिक व्यवहार, चरित्र तथा चिन्तन नै प्रमुख रहेको कुरातर्फ जति ध्यान जानुपर्ने हो, त्यति गएको देखिंदैन । आफूलाई कथित गणतन्त्रवादी वा लोकतन्त्रवादी भन्नेहरू नै परिवारवादको घेराबाट बाहिर निस्किन नखोजेपछि, कमिशन र भ्रष्टाचार तथा अनेकौं विकृति र अपराध कर्महरूलाई संस्थागत गर्न उद्यत भएपछि जनआक्रोश कहाँ जाने त ? निकास के छ त अहिले ? एउटा राजाको ठाउँमा सत्र भाइछोरा राजा भई टोप्लिंदा जनताको मनोविज्ञान के होला ? यसतर्फ यी दलाल नेताहरूले सोच्नुपर्दैन ? देशको प्रधानमन्त्री भएपछि बस्न र उठ्न त जानुपर्‍यो नि कि अरूले उठाइदिनुपर्ने ? यस्तो अवस्था भइसक्दा पनि कुर्सी छोड्न नमान्ने अनि ज्योतिषीले अझै सातचोटि प्रधानमन्त्री बन्नुहुन्छ भनेको भन्दै प्रधानमन्त्री बन्दै गएपछि देशमा यहाँभन्दा अर्को गाईजात्रा हेर्न के बाँकी रहला ?

जनता भोकले त्राहिमाम छ । रोजगारको कुनै व्यवस्था छैन । अहिले प्रदेश र सङ्घको निर्वाचन आउन बाँकी नै छ तर मूल्यवृद्धि दुईचोटि भइसक्यो । यही तालले अगाडि बढ्ने हो भने जनता कसरी बाँच्ने ? यसतर्फ कहिले विचारविमर्श नगर्ने अनि अहिले करोडौं रुपैयाँ खर्च गरेर जितेको निर्वाचन यसपछि अर्को पाँच वर्षसम्म यिनै खर्च गरेको पैसा उठाउन ब्रह्मलुट मचाउने र अर्को निर्वाचनमा फेरि अकूत पैसा बाँडेर चुनाव जित्नलाई महाभ्रष्टाचारको योजना बनाएर देश लुटेर कमाउने नीतिमा सम्पूर्ण कार्यकाल बिताएपछि यो देश र जनताप्रति धोका हो कि होइन ? पाँच वर्षअगाडि गरेका घोषणापत्रको बोलकबोल के के पूरा गरे त ? अहिलेको घोषणापत्र अनुसार अब विकास निर्माण गर्ला अथवा फेरि देश र जनतालाई दिने उही पुरानै धोका नै हो ? पक्कै पनि धोका नै दिने हो किनकि संसदीय राजनीतिको मूल चरित्र नै देश र जनतालाई धोका दिएर मालामाल हुनु हो ।

■■■

# मिथिलाको प्रमुखमा काङ्ग्रेस र उपप्रमुखमा एमाले विजयी

धनुषा, ६ जेठ/रासस

मिथिला नगरपालिकाको प्रमुखमा नेपाली काङ्ग्रेसका उम्मेदवार विजयी भएका छन् । काङ्ग्रेसबाट प्रमुख पदका उम्मेदवार महेन्द्र महतो ९१ मतान्तरले निर्वाचित भएका छन् ।

निर्वाचित महतोले सात हजार ३१ मत प्राप्त गरेका छन् भने उनका निकटतम प्रतिद्वन्द्वी नेकपा (एमाले)का राजाराम महतोले छ हजार ९४० मत प्राप्त गरे ।

त्यसैगरी उपप्रमुखमा एमालेका उम्मेदवार सुनिता सिंह बुढाथोकी निर्वाचित भएकी छन् । उनले आफ्नी निकटतम प्रतिद्वन्द्वी काङ्ग्रेस उम्मेदवार निर्मला कोइरालालाई ६७९ मतान्तरले पराजित गरेकी छन् ।

उपप्रमुखमा निर्वाचित बुढाथोकीले सात हजार ४१४ मत प्राप्त गरेका छन् भने काङ्ग्रेसका कोइरालाले छ हजार ७३५ मत पाएका छन् । विसं २०७४ को चुनावमा मिथिला नगरपालिकामा प्रमुख र उपप्रमुखसहित बहुमत वडाध्यक्ष एमालेले जितेको थियो ।

**सिरहाका ११ स्थानीय तहको नतीजा सार्वजनिक**

सिरहाका १७ स्थानीय तहमध्ये ११ स्थानीय तहको अन्तिम मत परिणाम सार्वजनिक भएको छ ।

पछिल्लोपटक सार्वजनिक भएको स्थानीय तहमध्ये तीनमा नेकपा (एमाले)का उम्मेदवार विजयी भएका छन् भने एउटामा काङ्ग्रेसले जितेको छ । यससँगै हालसम्म एमालेले सिरहामा जितेका स्थानीय तहको सङ्ख्या सात पुगेको छ । जसपाले दुई तथा काङ्ग्रेस र नेकपा (एकीकृत समाजवादी)ले एक–एक स्थानीय तहमा जित निकालेका छन् ।

आज सार्वजनिक अन्तिम मत परिणाम अनुसार लहान नगरपालिका प्रमुखमा काङ्ग्रेसका महेशप्रसाद चौधरी र उपप्रमुखमा जसपाका रामचलितर महतो विजयी भएका छन् । चौधरी २० हजार १०५ मत ल्याएर विजयी हुँदा उनका निकटतम प्रतिद्वन्द्वी निवर्तमान नगरप्रमुख एमालेका मुनि साहले ११ हजार ९६६ मत ल्याए ।

यस्तै उपप्रमुखमा निर्वाचित महतोले १२ हजार ५६९ मत ल्याउँदा उनका निकटतम प्रतिद्वन्द्वी निवर्तमान उपप्रमुख एमालेका सरियारदेवी चौधरीले ११ हजार ७९० मत प्राप्त गरेको निर्वाचन अधिकृत गोविन्दराज पोखरेलले जानकारी दिए । यस्तै कल्याणपुर नगरपालिका प्रमुख र उपप्रमुखमा एमालेका उम्मेदवार विजयी भएका छन् ।

प्रमुखमा निर्वाचित एमालेका रामपुकार साहले पाँच हजार ८८३ मत प्राप्त गरेर विजयी हुँदा उनका निकटतम प्रतिद्वन्द्वी काङ्ग्रेसका धर्मनाथ यादवले पाँच हजार ३५३ मत प्राप्त गरेका निर्वाचन अधिकृत प्रदीपकुमार उपाध्यायले जानकारी दिए ।

उपप्रमुखमा निर्वाचित एमालेकै रेखाकुमारी यादवले पाँच हजार ७३३ मत प्राप्त गरिन् भने उनकी निकटतम प्रतिद्वन्द्वी काङ्ग्रेसकी धनेश्वरीदेवी मण्डलले पाँच हजार ४७० मत प्राप्त गरिन् । धनगढीमाई नगरपालिका प्रमुखमा एमाले र उपप्रमुखमा काङ्ग्रेसका उम्मेदवार विजयी भए ।

नगर प्रमुखमा एमालेका शिवशङ्कर महतो सात हजार ५६ मत ल्याएर विजयी हुँदा उनका निकटतम प्रतिद्वन्द्वी काङ्ग्रेस जिल्ला सभापति तथा पूर्वसांसद रामचन्द्र यादवले छ हजार ९०१ मत प्राप्त गरे । निवर्तमान नगरप्रमुख माओवादी केन्द्रका हरिनारायण चौधरीले चार हजार ३६९ मत प्राप्त गरे ।

यस्तै उपप्रमुखमा काङ्ग्रेसकी सङ्गीताकुमारी चौधरीले छ हजार ६१३ मत प्राप्त गरी विजयी हुँदा निकटतम प्रतिद्वन्द्वी एमालेका शोभाकुमारी बरालले छ हजार ३७८ मत प्राप्त गरे । त्यस्तै सिरहाको नरहा गाउँपालिकाको अध्यक्षमा एमालेका रामप्रमोद यादव र उपाध्यक्षमा एमालेकै गुलाबदेवी चौधरी विजयी भएकी छन् ।

अध्यक्षमा दुई हजार ६९५ मतका साथ यादव विजयी हुँदा उनका निकटतम प्रतिद्वन्द्वी जसपाका रामसोगारथ यादवले दुई हजार ५१७ मत पाए । उपाध्यक्ष निर्वाचित एमालेकी चौधरी दुई हजार ५७१ मतका साथ विजयी हुँदा उनकी प्रतिद्वन्द्वी काङ्ग्रेसकी अरहुलियादेवी यादवले दुई हजार ३२३ मत प्राप्त गरिन् ।

यस अघि सिरहा नगरपालिका, कर्जन्हा नगरपालिका, भगवानपुर गाउँपालिका र विष्णुपुर गाउँपालिकामा एमालेका उम्मेदवार विजयी भइसकेका छन् भने सिरहाको नवराजपुर र अर्नमा गाउँपालिकाको अध्यक्ष उपाध्यक्ष जसपाले जितेको छ । नेकपा (एकीकृत समाजवादी)ले जिल्लाको सखुवाननकारकट्टी गाउँपालिकाको अध्यक्ष जितेको छ । सिरहाको मिर्चैया नगरपालिका, गोलबजार नगरपालिका, सुखीपुर नगरपालिका, औरही गाउँपालिका, बरियारपट्टी गाउँपालिका र लक्ष्मीपुर पतारी गाउँपालिकाको मतगणना भइरहेको जनाइएको छ ।

**नगराइन नगरप्रमुखमा काङ्ग्रेस र उपप्रमुखमा एमाले**

धनुषाको नगराइन नगरपालिकाको प्रमुखमा काङ्ग्रेस र उपप्रमुखमा नेकपा (एमाले)का उम्मेदवार विजयी भएका छन् । निर्वाचन अधिकृत सुदीपकुमार दङ्गालका अनुसार नगरप्रमुख काङ्ग्रेसका विनयकुमार यादव पाँच हजार ५५६ मत ल्याएर विजयी भएका छन् । उनका निकटतम प्रतिद्वन्द्वी एमालेका रामबाबू पंजियारले पाँच हजार ५१४ मत प्राप्त गरे ।

उपप्रमुखमा एमालेकी राधादेवी यादव पाँच हजार ७३० मत प्राप्त गरी विजयी भइन् । उनका निकटम प्रतिस्पर्धी काङ्ग्रेसकी रञ्जुकुमारी साहले पाँच हजार ५२३ मत ल्याइन् । यस्तै सिरहाको धनगढीमाई नगरपालिकाको प्रमुखमा एमाले र उपप्रमुखमा काङ्ग्रेसका उम्मेदवार विजयी भएका छन् । नगरपप्रमुखमा एमालेका शिवशङ्कर महतो सात हजार ५६ मत ल्याएर विजयी हुँदा उनका निकटतम प्रतिद्वन्द्वी काङ्ग्रेस जिल्ला सभापति तथा पूर्वसांसद रामचन्द्र यादवले छ हजार ९०१ मत प्राप्त गरे । पूर्वनगरप्रमुख नेकपा (माओवादी केन्द्र)का हरिनारायण चौधरीले चार हजार ३६९ मत प्राप्त गरे ।

यस्तै उपप्रमुखमा काङ्ग्रेसकी सङ्गीताकुमारी चौधरी छ हजार ६१३ मत प्राप्त गरी विजयी हुँदा उनका निकटतम प्रतिद्वन्द्वी एमालेकी शोभाकुमारी बरालले छ हजार ३७८ मत प्राप्त गरिन् ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# वाटिका

वर्ष-३५ | २०७९ वैशाख ७ गते शनिवार | 2022 May 21 Saturday



## नवजननायकहरू ! नझुकोस् नागरिकको शिर

**स्वान्तः सुखाय**



सञ्जय मित्र

mitrasanjay41@gmail.com

**हो, अहिलेको व्यवस्थाले टोल, ग्राम, नगर र महानगर गरी अनेक तहका जननायक छानिरहेको छ। जननायक छानिएपछि जनता पनि उत्तिकै खुशी बाँडिरहेको छ, आफ्ना आवधिक जननायकलाई स्वागत गर्न र अझ राम्रो काम गर्न प्रोत्साहन दिइरहेको छ।**

आशा, निराशा, भावना, उत्साह, खुशी, आशीर्वाद आदि सबैको इन्द्रेणी देखिने चुनाव आफैंमा एउटा उत्सव हो, पर्व हो। प्रेम, रिस, द्वेष, घृणा तथा स्नेह र आत्मीयताको स्पष्ट प्रकटीकरण मतदानको अघि र पछि देखिने वा देखाइने संलग्नता हो। केही स्वार्थी र छद्मभेषीहरू





तस्वीर: लेखक

भने जहाँ पनि हुन्छन् तर कहिलेकाहीं अत्यारिलो, अविश्वसनीय र अकल्पनीय दृश्यात्मक संयोजन पनि देखिन्छ चुनावमा।

एकजनाको काँधमा एकजना चढेको र धेरैको अनुहार उज्यालो देखिएको यो अत्यन्त दुर्लभ दृश्य हो। जसको अनुहारमा धेरै अबिर लागेको छ, जसको घाँटीमा धेरै माला लागेको र जसले एकजनालाई बोकिराखेका छन्, उनी चुनाव हार्ने व्यक्ति हुन्। उनको अनुहार र हात तथा जीउ अबिरले पूरै पोतिएको छ। मुठी कस्सेर उचालेका छन्। सम्भवतः जिन्दाबाद नै भनेका छन्। जसलाई काँधमा बोकेका छन्, उनले चुनाव जितेका छन्। पहेंलो खादा लगाएको मानिसले चुनाव जितेका हुन्। हालै सम्पन्न पालिका चुनावका यी दुई प्रतिद्वन्द्वी हुन्। एकले हारे अर्को जित्ने वा एउटाले हारे अर्को जित्ने निकटतम प्रतिद्वन्द्वी। जसलाई काँधमा बोकिएको छ, अर्थात् जसले चुनाव जितेका छन्, उनी हुन् हेटौंडाका चर्चित साहित्यकार हयग्रीव आचार्य। उनी सेवानिवृत्त शिक्षक हुन्। उनको प्रतिस्पर्धा आफ्नै शिष्यसित थियो, वडाध्यक्षमा। शिष्यले चुनाव हारे र गुरुलाई शिरमा चढाए। गुरुलाई शिरमा चढाउँदाको उत्साह यसरी छचल्कियो कि उनी चुनावमा उम्मेदवार नै थिएनन्, आफ्ना गुरुका लागि मिहिनेत गरेका हुन् र गुरुलाई गुरुदक्षिणास्वरूप चुनाव जिताएका हुन्। गुरुले चुनाव जित्दा आफैंले जितेकोभन्दा बढी खुशी महसूस भएको हो।

अझ अचम्म त यतिखेर बढ्छ कि देशभरमा एक किसिमले पूर्ण विरोधीको रूपमा रहेका दुई दलबाट दुवैंजना उम्मेदवार बनेको प्रसङ्ग बाहिरिन्छ। एकले अर्काको तीखो आलोचना गरिरहेका दुई विपरीत ध्रुवका देखिएका दलका यी दुई उम्मेदवारले यसरी आफूलाई प्रस्तुत गर्दा एउटा सुखद आश्चर्य नै विस्तार भएको छ। गुरु हुन् नेपाली काङ्ग्रेसबाट चुनाव विजेता र चेला हुन् नेकपा एमालेबाट पराजित। नेकपा एमालेबाट हेटौंडा उपमहानगरपालिका–५ बाट उम्मेदवार बनेका सुशील घिमिरे पराजित भएपछि पनि आफ्ना गुरु नेपाली काङ्ग्रेसका उम्मेदवार आचार्य वडाध्यक्षमा निर्वाचित हुँदा आफ्नो गुरुलाई गरेको सत्कार, सम्मान र बधाई ज्ञापन कुनै पनि प्रतिस्पर्धाभन्दा माथि छ। यसले गुरु र शिष्यको संस्कारलाई अझ बढाएको छ। एकजनाले यसरी प्रतिक्रिया दिएका छन्– आदर्श गुरु आदर्श चेला, गुरु गुँड चिनी चेला।

चुनाव हारेका उम्मेदवारले आफूमा अपार सम्भावना रहेको देखाइदिएका छन्। उनले चुनाव हारेका हुन् भन्ने कुरा आफूलाई नै लाग्न नदिएपछि उनका मतदाताले पनि मैले खसालेको मेरो मतको अझ बढी सम्मान भएको छ भन्ने कुरा बुझेको हुनुपर्छ। धेरै ठाउँमा जित्नेको मात्र मतको सम्मान भएको भन्ने ठान्ने मान्यता छ। तर यस ठाउँमा के जित्ने र के हार्ने दुवैको मतको सम्मान भएको जित्ने र हार्नेले जसरी समाजमा आफूलाई देखाइदिए, यसबाट स्पष्ट भएको छ। नतीजा सार्वजनिक हुनासाथ सबै प्रतिस्पर्धाको समापन हुन्छ भन्ने मान्यतालाई यहाँ धेरै उचाइबाट सम्मान गरिएको छ। वास्तवमा हुनुपर्ने पनि यही नै हो। प्रतिस्पर्धीमा विद्वेष वा वैरभाव हुँदा तिनका निकटस्थका समर्थकहरूमा पनि यो भावना विस्तार भएको हुन्छ। एकै गाउँठाउँमा बसे पनि दुई पक्ष हुन पुग्छन् र दुई पक्षमा सदैव एकअर्काप्रति अविश्वास रहन्छ। अविश्वासले राम्रो काममा पनि शङ्का उब्जाउँछ तर यसरी दुई प्रमुख प्रतिद्वन्द्वी एकले अर्कालाई सहयोग गर्न थालेपछि समय, श्रम, रकम सबैको सदुपयोग हुन्छ र यसले गर्दा समाजमा विकासले स्वतः सकारात्मक गति र दिशा लिन्छ।

आशाको उमेर कति हो ? कुनै व्यक्तिले आफ्नो जीवनको चौथो पहरको घाम तापिरहेका छन् र पनि उनी चुनावप्रति अत्यधिक उत्साहित हुन्छन् भने तिनले आफूले पाउनेभन्दा समाजको राम्रो भएको चाहना राखेका छन् भन्ने बुझ्नुपर्छ। गौर नगरपालिकाको चुनावको अन्तिम परिणाम सार्वजनिक भइसकेर विजय जुलुसमा एक वृद्ध महिला सकिनसकी हिंडिरहेकी थिइन्। महिलाले पाउनुपर्ने केही बताइनन् तर अब सबैको राम्रो हुने दिन आएको बताइन्।


यहींनेर मानिस आशावादी प्राणी हो भन्ने साबित हुन्छ। पहिला आफ्नो भविष्य राम्रो होओस् भन्ने बाल्यकालदेखिकै चाहना हुन्छ। जब आफूले आफ्ना व्यक्तिगत र पारिवारिक दायित्व पूरा भएको आफूलाई अनुभूति हुन्छ, तब सामाजिक दायित्वको सम्झना हुन्छ। मानिसले सामाजिक दायित्व पूरा गर्नैपर्छ। जसले सामाजिक दायित्व पूरा गर्दैन, ऊ अझै मानिस हुन सकेको हुँदैन। अहिलेको राजनीतिक वातावरणलाई अलिकति गहिरिएर हेर्ने हो भने यही सामाजिक दायित्व पूरा गर्नका लागि मानिसहरू तँछाडमछाड गरिरहेको देख्न सकिन्छ। नाम पनि हुने, दाम पनि हुने र सामाजिक काम पनि हुने त राजनीतिक पद नै हो नि, अझ जनताबाट प्रत्यक्ष अनुमोदित। जनतासित प्रत्यक्ष घुलमिल भएको र जनताको नजीक रहेर नै काम गर्नुपर्ने भएको हुनाले जनताले आफ्नो सेवा गर्ने मानिसको प्रतिस्पर्धा गराएका हुन्।

जनताले प्रतिस्पर्धा गराउँछ। कसले बढी सेवा गर्छन् भनेर। यसैले नै हो मतदानको अघिल्लो क्षणसम्म मतदाताले सेवा गराउँछन्। जसले बढी सेवा गर्छन्, उनैको पछि लाग्छन् अर्थात् उनैलाई आफ्नो नेता बनाउँछन्। यसैले पनि धेरैले जनतालाई जनार्दन भन्ने गर्छन्। जनार्दन भन्नु चाहिं देवता नै हुन् र देवतालाई कुनै तिथि वा पर्वमा बढी फूल, अक्षता, माला वा अन्य कुरा अर्पण गरेर फकाउन चाहन्छन् उम्मेदवारहरू। जब जनताले आफ्नो नायक चुन्दछ, तब स्वतः जनताका नायक वा जननायक बन्न पुग्दछ। अहिले धमाधम जननायक चुनिंदैछन्। धमाधम चुनिएका छन्। जननायकहरूको जुलूस धमाधम भइरहेको छ। रङ र अबिरले जननायकहरू रङ्गिएका छन् र हरेक जननायकले उत्सव मनाइरहेका छन्।

हो, अहिलेको व्यवस्थाले टोल, ग्राम, नगर र महानगर गरी अनेक तहका जननायक छानिरहेको छ। जननायक छानिएपछि जनता पनि उत्तिकै खुशी बाँडिरहेको छ, आफ्ना आवधिक जननायकलाई स्वागत गर्न र अझ राम्रो काम गर्न प्रोत्साहन दिइरहेको छ। अनेक ध्वजा पताकाले जुलूसलाई सिङ्गारिरहेको छ। यदि ध्वजा पताकालाई हेर्ने हो भने जुलूसमा सम्बन्धित दल वा गठबन्धनको, चुनाव चिह्नको र देशको झन्डा देखिन्छन्। देशको झन्डा जननायकहरूले प्रदर्शन गर्दा जुलूसमा विजेताप्रति हो कि देशप्रति हो, श्रद्धाभाव स्वाभाविक जाग्दछ। देशको झन्डा कुनै जुलूसमा सबै झन्डा र उम्मेदवारको पनि शिरभन्दा जब धेरै माथि देखिन्छ, तब लाग्दछ कि यो झन्डा कहिल्यै नझुकोस्। देशको झन्डातिर आफ्नो शिरलाई ठाडो पारी हेर्ने जनता जनार्दनको शिर पनि कहिल्यै नझुकोस् र नझुकोस् जनप्रतिनिधिका शिर। यथार्थमा नागरिकको शिर यही जननायकका कर्महरूले निर्धारण गर्छ कि ग्राम वा नगरका नागरिकको शिर कसरी रहन्छ। सबैतिर यही चाहना मुखरित भएको छ– यसपटक कतै नझुकोस् नागरिकको शिर। नवजननायकहरू बढी सजग हुनु आवश्यक छ।

## धार्मिक यात्राको मीठो अनुभूति (१)

**सरोकार**



राजेश मिश्र

rajesh560107@gmail.com

**प्रभु रामकै कृपाको कारण बनारसको यात्रा अयोध्यातर्फ मोडिएको विषयमा म घोत्लिइरहेको थिएँ। अचानक विकाश दाइको स्वर कानमा पुग्यो, “राजेश ?” म ब्यूँझिएँ। चेतनामा फर्किएँ। मनमनै ‘जय श्रीराम, जय हो कृपा निधान’ भन्दै भगवान् श्रीरामप्रति कृतज्ञता प्रकट गरें।**

‘होइहि सोइ जो राम रचि राखा...’ को भावार्थ हो– रामले जे रचेका छन्, त्यही हुन्छ। केवल बाबा विश्वनाथको दर्शन र पूजाको उद्देश्यका साथ बनारस हिंडेका हामी अयोध्याधाम कसरी पुग्यौं ?



राममन्दिरतर्फ जाँदै भक्तजनहरू



हनुमानगढी मन्दिरमा मन्त्र जाप गर्दै हामी



दशरथ महलअगाडि सेल्फी लिंदै

यसको अलावा अयोध्यापछि पूर्वनिर्धारित बनारसको यात्रा त भयो नै, तर बनारसबाट फर्किंदा आदिशक्ति थावे माताको दर्शन गर्ने सौभाग्य कसरी प्राप्त भयो ? पूर्वनिर्धारित यात्राबाहेक अकल्पित यात्राको माहोल अचानक सिर्जना हुनु के संयोग मात्र थियो ? लगायतका यात्रा वृतान्त प्रस्तुत छ–

भारतको उत्तर प्रदेशस्थित बनारसको यात्रा कोरोना महामारीका कारण दुई वर्षदेखि अवरुद्ध थियो। बनारस भ्रमणको इच्छा मनमा जाग्रत किन भयो ? यो प्रसङ्ग उल्लेख नगरी हुन्न। सम्पादक विकाश (शर्मा) दाइका लागि बनारस भ्रमण गरिसकेको धर्मस्थल हो। त्यस्तै, मैले पनि बनारसको पहिलो यात्रा सन् १९९७ मा गरेको थिएँ। त्यसैगरी, दोस्रो यात्रा छोराको नामाङ्कनको समयमा तथा त्यसपछि थप दुई/तीन पटक गएको छु।

बनारस हामी दुवैजनाका लागि भ्रमण गरिसकेको ठाउँ भएकोले बेलाबेला बनारसको प्रसङ्ग एकापसमा चर्चा हुने गर्दथ्यो। बाबा विश्वनाथ मन्दिर, गोदौलियाको साँघुरो गल्ली, गङ्गा–आरती, पुडी–तरकारी तथा बनारसी पानको स्वादलगायतका स्मरण विकाश दाइको मुखारबाट दिनहुँजसो प्रस्फुटित हुन्थ्यो। सधैं भइरहने चर्चाले हामीमा बनारस जाने उद्‌वेग बढ्यो। ममा पनि बनारस जाने आतुरता कम थिएन। किनभने बाबा विश्वनाथको दर्शन र छोरासँग भेट गर्ने अवसर पाउने भएकाले म पनि निकै उत्साहित थिएँ।

विसं २०७६ को होलीपछि बनारस जाने कार्यक्रम तय भएपनि कोरोनाको बढ्दो प्रकोपका कारण यात्रा रद्द गर्नुपर्‍यो। त्यसैगरी, विसं २०७७ ताका कोरोनाको दोस्रो लहरले आकाङ्क्षा पूरा भएन। बिस्तारै कोरोना कम हुन थालेपछि विसं २०७८ को उत्तरार्द्धमा हामीबीच पुनः बनारसको चर्चाले निरन्तरता पायो। अन्ततोगत्वा दुई वर्षको पर्खाइपश्चात् गत चैतमा बनारस जाने मनोकाङ्क्षा पूरा त भयो, तर कसरी ? चैत १४ गते कुरैकुरामा कार्यक्रम अचानक तय भयो र १५ गते हामी हिंड्यौं। भोलिपल्ट नै जाने गरी भ्रमणको कार्यक्रम तय हुनु संयोग नै भन्नुपर्छ। बनारस भ्रमणका लागि हिंडेका हामी अयोध्यातर्फ लाग्नु अर्को आश्चर्यजनक संयोग थियो।

### यात्रा प्रारम्भ

गत चैत १५ गते बिहान करीब नौ बजे हामी वीरगंजबाट बनारसको लागि प्रस्थान गर्‍यौं। रक्सौल, सुगौली, गोपालगंज र गोरखपुर हुँदै बनारसको यात्रा जारी थियो। भारतको राष्ट्रिय राजमार्गमा गुडिरहेको कारको गतिजन्य ऊर्जासँग मानवीय ऊर्जाले तालमेल मिलाइसकेको थियो। फलफूल ग्रहण गर्दै जारी यात्रामा दिउँसोको एक बजेतिर पेटले भोजन माग गर्न थाल्यो। यद्यपि गाडीको गतिजन्य ऊर्जाको प्रभावले होला, गाडी गुडिरहोस् भन्ने मनोविज्ञानले हामी ग्रसित थियौं।

बिहारको गोपालगंजदेखि ३२ किमीको यात्रापश्चात् हामी उत्तर प्रदेशमा प्रवेश गर्‍यौं। स्वास्थ्यको दृष्टिकोणले अन्न ग्रहण गर्नु हाम्रो आवश्यकता त थियो नै, गाडीलाई विश्राम दिनु पनि नितान्त हाम्रै दायित्व थियो। उत्साहित मनोविज्ञान तथा राम्रा सडकका कारण बिहार कटेपछि उत्तर प्रदेशको शहर कुचायकोट, सलेमगढ, तमकुहीराज, फाजिलनगर, कुशीनगर र हाता गरी झन्डै एक सय किमीको दूरी कति छिटो तय भयो, पत्तै भएन। यद्यपि भोक र गाडीको विश्रामलाई मध्यजनर गरी उत्तर प्रदेशको पूर्वोत्तर जिल्ला बलिया अवस्थित सोनवर्षाको गुरुनानक ढाबामा गाडी रोक्नै पर्‍यो। शाकाहारी उक्त ढाबामा लसुन र प्याजरहित सात्त्विक भोजन दाल, रोटी र तरकारी हामीले सन्तुष्टिपूर्वक ग्रहण गर्‍यौं। यसरी भोजनले हामीलाई र विश्रामले गाडीलाई पुनः ऊर्जामान बनायो। तत्पश्चात् गोरखपुरको ४१ किमीको यात्रा प्रारम्भ भयो।

### आश्चर्यजनक निर्णय

खाना खाएर हिंडेपछि श्रीराम जन्मभूमि अयोध्याधामको चर्चा शुरू भयो। राम मन्दिर, सरयु नदी र अयोध्या नगरी आदिको चर्चा यतिविघ्न भयो कि हाम्रो मानसिकता सम्भवतः रामललाको प्रेममा विलय भयो। प्रसङ्गवश २५ किमीको यात्रा पत्तै भएन। अब गोरखपुर केवल पन्ध्र किमी टाढा थियो। कता जाने ? बनारस कि अयोध्या ? गोरखपुर पुग्नुअगावै निर्णय लिनुपर्ने अवस्था सिर्जना

(बाँकी पाँचौं पातामा)

# अन्तर्राष्ट्रिय समाचार

## सिबिआईद्वारा लालु यादवको अनियमितताको खोजबिन



भारत, बिहारका पूर्वमुख्यमन्त्री लालुप्रसाद यादव । तस्वीर: एजेन्सी

पटना, ६ जेठ/पिटिआई

केन्द्रीय अनुसन्धान ब्यूरो (सिबिआई) ले राष्ट्रिय जनता दलका अध्यक्ष लालुप्रसादविरुद्ध 'रोजगारीका लागि जग्गा' घोटालाका सम्बन्धमा नयाँ मुद्दा दर्ता गरेको छ। शुक्रवार बिहान बिहारका पूर्व मुख्यमन्त्री, छोरी मीसा भारती र उनीसँग सम्बन्धीत १७ स्थानमा खोजी थालेको छ ।

खोजबिनबारे सिबिआई टोलीले टिप्पणी गर्न अस्वीकार गरे पनि यस मामिलामा जानकारहरूले पटना र गोपालगञ्जका विभिन्न स्थानहरूमा खोजी भइरहेको र त्यो लालुप्रसादले सन् २००४ र २००९ रेलमन्त्री रहेका बेला रोजगारीका लागि जग्गामा गरेका अनियमितासँग सम्बन्धीत रहेको बताएका छन् ।

शुक्रवार बिहान ७ बजेदेखि खोजी शुरू भएको र सिबिआईको टोली राबडीदेवीको निवासमा पुग्दा लालुकी पत्नी राबडी देवी, उनका विधायक छोरा तेजप्रताप र छोरी मीसा भारती उपस्थित थिए ।

टोलीले गोपालगञ्जस्थित लालुप्रसादको जन्म गाउँ फुलवारियामा पनि खोजी गरेको थियो । लालुका कान्छा छोरा तथा विपक्षी दलका नेता तेजस्वी यादव हाल लण्डनमा छन् ।

सिबिआईले खोजीबिन थालेको खबर फैलिएपछि ठूलो सङ्ख्यामा जनता दलका समर्थकहरू राबडीको निवास बाहिर भेला भएर भाजपा र केन्द्रीय अनुसन्धान ब्युरोविरुद्ध नारा लगाएका थिए । रासस

## पाकिस्तानद्वारा अत्यावश्यकबाहेकका वस्तुहरूको आयातमा रोक

इस्लामाबाद, ६ जेठ/सिन्हवा

पाकिस्तानले अति आवश्यक रहेका बाहेकका तथा विलासिताका सामानहरूको आयातमा रोक लगाएको छ। पाकिस्तान सरकारले ती सामानहरू आयातमा रोक लगाएको जानकारी शुक्रवार गराएको छ ।

यसरी आयातमा रोक लगाइएका सामानहरू तीन दर्जन भन्दा बढी रहेका पनि बताइएको छ । यहाँको सरकारले आर्थिक सङ्कटको निकासका लागि विभिन्न कार्यक्रमहरू सञ्चालनमा ल्याएको छ ।

पाकिस्तान सरकारले पाकिस्तानको आर्थिक सङ्कटको समाधानसम्बन्धी कार्यक्रमहरू ल्याएको छ । यहाँ पनि आर्थिक सङ्कट पर्न सक्ने सङ्केतहरू देखिएको भन्दै सरकारले आर्थिक सुधारका कार्यक्रम ल्याएको हो । त्यसै क्रममा पाकिस्तान सरकारले शुक्रवारदेखि यस्ता सामग्रीहरू आयात गर्ने काममा रोक लगाएको सूचना तथा प्रसारण मन्त्रीले जानकारी दिए ।

मन्त्री मारिम औरान्जेबले पाकिस्तानको आर्थिक अवस्थामा पनि सङ्कट आइपर्ने संकेतहरू देखिन थालेको भन्दै यसका लागि देशवासीहरूले त्यसमा सहयोग गर्नुपर्ने बताए ।

देशको आर्थिक अवस्थामा अप्ठेरो आउन लागेकाले पाकिस्तानका सबै नागरिकको सहयोग आवश्यक रहेको उनले बताएका छन् । रासस

## सबैको सुरक्षाका लागि विश्वव्यापी समुदाय निर्माण अपरिहार्य : राष्ट्रपति सी

बेइजिङ ६ जेठ/सिन्हवा

चीनका राष्ट्रपति सी चिनफिङले सबैको सुरक्षाका लागि विश्वव्यापी समुदाय निर्माण गर्न मिलेर काम गर्नु अपरिहार्य भएको बताउँदै त्यसनिम्ति ब्रिक्स राष्ट्रहरूलाई आहवान गरेका छ।

ब्राजील, रसिया, भारत, चीन र दक्षिण अफ्रिका सदस्य रहेको ब्रिक्स राष्ट्रका विदेश मन्त्रीहरूको बैठकको उद्घाटन सत्रमा भिडियो सम्बोधन गर्दै सीले उक्त टिप्पणी गरेका हो ।

विश्व इतिहासमा एक शताब्दीयता नदेखिएको महामारी तथा अन्तर्राष्ट्रिय क्षेत्रमा उत्पन्न अस्थिरता, अनिश्चितता र असुरक्षाका कारकहरू बढ्दै गएकाले ब्रिक्स राष्ट्रहरूलाई एकजुट हुन उनले आग्रह गरेका हो ।

"शान्ति र विकास वर्तमानको अपरिवर्तित विषय हो, अन्तर्राष्ट्रिय समुदायको साथ, सहयोग र ऐक्यबद्धता अत्यावश्यक छ" उनले भने ।

अन्तर्राष्ट्रिय समुदायमा सकारात्मक, प्रेरणादायी र रचनात्मक शक्तिको रूपमा ब्रिक्सका सदस्य देशले दृढतापूर्वक काम गर्नुपर्ने तथा अन्तर्राष्ट्रिय सम्बन्धमा स्थायित्व, शान्ति र विकासको प्रवर्द्धन, निष्पक्षता, न्याय, लोकतन्त्र एवं स्वतन्त्रताको समर्थन आवश्यक भएको राष्ट्रपति सीले बताए ।

अरूको खर्चमा आफ्नो सुरक्षा खोज्दा नयाँ तनाव र जोखिम मात्रै सिर्जना हुने बताउँदै राष्ट्रपति सीले विश्वमा साझा सुरक्षा प्रवर्द्धन गर्न विश्वव्यापी सुरक्षा प्रयास उपयोगी हुने विचार व्यक्त गरे ।

ब्रिक्स देशहरूले राजनीतिक रूपमा पारस्परिक विश्वास र सुरक्षा सहयोगलाई सुदृढ गर्न, प्रमुख अन्तर्राष्ट्रिय तथा क्षेत्रीय मुद्दाहरूमा निकट सम्पर्क कायम गरेर एकअर्काको सार्वभौमसत्ता, सुरक्षा र विकासका लागि सुरक्षाको विश्वव्यापी समुदाय निर्माण गर्नुपर्छ भने । उनले शीतयुद्धको मानसिकता र टकरावबाट मुक्त हुनुपर्नेमा पनि जोड दिए ।

"अहिलेको जोखिम र चुनौतीपूर्ण परिस्थितिमा विकासोन्मुख देशहरूले समृद्धिका लागि पारस्परिक एकता र सहयोगलाई अझ बलियो बनाउनुपर्छ, आपसी समझदारी एवं विश्वास बढाउन, सहयोगका क्षेत्रलाई बढाउन तथा आपसी हित प्रवर्द्धन अभिवृद्धि गर्नुपर्छ," उनले भने । रासस

## धार्मिक यात्राको.....

भयो। के गर्ने ? जाने कि नजाने ? आदि कुराहरू मनमा खेल्न थाल्यो । अन्योलताका कारण हामी मौनतुल्य भयौं। तीव्र गतिमा गाडी अघि बढिरहेको थियो । गोरखपुर दृश्यमान हुन थाल्यो । ठूलठूला घर, एयरपोर्ट, सैनिक क्षेत्रतर्फ हाम्रो ध्यान केन्द्रित रहँदा चालकको आवाजले मौनता भङ्ग भयो । चालकले भन्यो, "सर, वो देखिए चोक आ गया, जहाँ से बनारस के लिए दाहिने और अयोध्या के लिए सीधा जाना होगा, तुरुन्त बताएँ, किधर जाना है ?" केही भन्न नपाउँदै तीव्र गतिमा गुडिरहेको गाडी चोकनजीक पुग्यो। शायद चालकले हाम्रो उत्तरको प्रतीक्षासहित गाडीको गति कम गऱ्यो । संयोग नै भन्नुपर्छ हामीहरूको मुखारबाट एकसाथ शब्द प्रतिध्वनित भयो, "सीधे चलो ।"

अयोध्यातर्फ गाडी हुँइकिएपछि खुशीले गद्गद् हृदयबाट 'जय श्रीराम' को हुँकार प्रस्फुटित भइछाड्यो । पहिलोपटक अयोध्याको यात्रा हुँदै थियो। झन्डै चार दशकअघि नेपाल टेलिभिजनमार्फत रामायण हेरेको विस्मृतिहरू मस्तिष्कमा तरङ्गित हुन थाले। राजा दशरथको दरबार, भगवान् श्रीरामचन्द्रको जन्मस्थल एवं जनकपुत्री देवी सीताको ससुराल आदि विषयमा चेतना रनभूल्ल भयो । उहिले टेलिभिजनमा हेरेको रामायणको विस्मृतिसँग साक्षात्कार गर्ने अवसर अब केवल १६० किमी टाढा थियो ।

अयोध्याधामको विविध परिकल्पनाले समुद्रको लहर जस्तै मस्तिष्कमा तरङ्ग उठिरहेको थियो । पहिलोपटक अयोध्याधाममा पाइला टेक्न लागेकोले होला, गाडी कतै नरोकियोस् भन्ने मनोविज्ञानमा हामी थियौं। यद्यपि लामो दूरीको यात्रा भएकोले स्वास्थ्यको दृष्टिकोणले विश्राम गर्नु अनिवार्य आवश्यकता थियो। हामीले गोरखपुरदेखि झन्डै एक सय किमीको दूरी तय गरिसकेका थियौं। बस्ती जिल्लाको 'गढा गौतम' भन्ने स्थानमा चियापानका साथै केही समय विश्राम गरियो। चियापानपछि झन्डै साठी किमी टाढा अयोध्याधामको यात्रा पुनः प्रारम्भ भयो। बेलुकीको पाँच बज्नै लाग्दा सरयु नदीको पुलमाथि गाडी गुड्न थालेपछि अयोध्यानगरी आइपुगेको आभास भयो ।

**अयोध्याधाम**

हामी श्रीरामजन्मभूमि अध्योयाधाममा थियौं । यद्यपि यस्तो लाग्थ्यो कि एक मनले अर्को मनसँग प्रश्न गरिरहेको थियो, "के साँच्चै नै तिमी मर्यादा पुरुषोत्तम श्रीरामको पावन भूमि अयोध्यामा छौं ?" अर्को मनले दृढतापूर्वक उत्तर दिंदै भन्थ्यो, "हो त नि ! तिमीलाई विश्वास छैन, अहिले तिमी स्वयम् रामललाको पावन भूमि अयोध्यामैं छौ।" अचानक भएको यात्राले आफूलाई आफैंमाथि अविश्वासको वातावरण सिर्जना भएको थियो। शायद सकारात्मक र नकारात्मक मनोविज्ञान एकापसमा संवाद गरिरहेका थिए ।

मनमा विविध विचार उत्पन्न भइरहेका बेला सरयुतटको गुप्तद्वार घाटमा चालकले गाडी रोक्यो। गाडीबाट झरेपछि उत्साहित मुद्रामा हामी यताउति हरिरहेका थियौं । थोरबहुत मानिसहरू सरयु नदीमा नुहाइरहेका थिए। केहीबेर सरयुतटमा व्यतीत भयो। सूर्य अस्ताउन थालेपछि हामी बासस्थानको खोजीमा शहरतर्फ लाग्यौं। भीडभाडयुक्त शहरको मनोरम दृश्यमाझ हाम्रो ध्यान होटलको खोजीमा केन्द्रित थियो । शहरभित्र अवस्थित होटल महँगोका साथै हाम्रो आकाङ्क्षा अनुरूप थिएन । हामी शान्तिपूर्ण विश्रामका लागि फराकिलो र खुला वातावरण भएको आरामदायक होटलको जोहोमा थियौं । स्थानीय मानिसहरूसँग सोध्दै जाँदा शहरभन्दा झन्डै तीन किमी टाढा बाइपासतर्फ पुग्यौं । बहुसङ्ख्यक होटलको तातीमा होटेल रामेश्वरम् देखा पऱ्यो। केही महीनाअघि उद्घाटन भएको नयाँ होटलको साजसज्जा हामीले सोचे र खोजेअनुरूप थियो। होटल बूकिङ भयो। होटल छेवैमा रातिको खाना खाइयो । दिनभरिको थकाइ भएकोले हामी चाँडै सुत्यौं ।

दोस्रो दिन बिहान आवश्यक लत्ताकपडा लिएर सरयुतटको 'गुप्तद्वार घाट'मा पुगियो। प्रातःकाल श्रद्धालुजनको



सरयू तटको गुप्त द्वार घाटमा स्नान गर्दै भक्तजन





गुरुनानक ढाबा, सोनवर्षा, उत्तर प्रदेश र गुप्त द्वार घाटमा स्नानपछि सेल्फी लिंदै हामी

भीडभाड निकै बढी थियो । अधिकांश दक्षिण भारतका भक्तजनको उपस्थिति देखिन्थ्यो । लत्ताकपडाको हेरचाह तथा फोटो खिच्नुपर्ने भएकोले हामी आलोपालो गरी नुहायौं। स्नान कार्य तथा ग्यालेनमा जल भर्ने कार्यसहित एक घण्टाभन्दा बढी समय लाग्यो । भीडभाड तथा दिशाको जानकारी नभएकोले हामी ईरिक्शामार्फत रामललाको मन्दिर तथा भ्याएसम्म अरू धर्मस्थलहरू घुम्ने मानसिकतामा थियौं। चालकलाई गाडी लिएर होटल जान अऱ्हाइरहेकै बेला दुईजना सवार एक मोटरसाइकल हाम्रो छेवैमा रोकियो । त्यसमध्ये एकजनाले भन्यो, "अयोध्याधाम घुमना है ? तो चलिए हम घुमा देंगे, केवल सौ रुपैयाँ दे दिजिएगा ।" त्यो केटा मार्गदर्शक (गाइड) थियो । हाम्रो खासखुस सुनेर उसले भन्यो, "ईरिक्शा नहीं लिजिए, अपना गाडी लेकर चलिए, कोइ दिक्कत नहीं होगी ।"

चित्त बुझेपछि दुब्लो-पातलो तथा मधुर स्वरका धनी पन्ध्र वर्षीय मार्गदर्शकसहित हामी गाडीमा सवार भयौं। उसको निर्देशनबमोजिम गाडी अघि बढिरहेको थियो । सरयुतटदेखि करीब बीस मिनेटमा हामी श्रीरामलला मन्दिरको वरै सुग्रीव किलानजीकको पार्किङ स्थलमा पुग्यौं। चालकले गाडी पार्किङ गऱ्यो । अघि-अघि मार्गदर्शक तथा पछि-पछि हामी श्रीराममन्दिरतर्फ अघि बढिरहेका थियौं । पन्ध्र मिनेटको हिंडाइपश्चात् मन्दिरको प्रवेशद्वारनिर पुग्यौं । मार्गदर्शकले हामीलाई सबै कुरा सम्झाएर निकास द्वारमा आफूसँग भेट हुने भन्दै उतै लाग्यो । भक्तजनहरूको लाममा हामी लामबद्ध भयौं। बीचबीचमा 'जय श्रीराम'को ठूलो गुञ्ज उठ्थ्यो । सीता रसोइ, दशरथ महल, रामजानकी महल आदि विभिन्न पुराना भवनहरूको अवलोकन गर्दै हामी अघि बढिरहेका थियौं। लगभग प्रत्येक सय मिटरको दूरीमा चेकिङ प्वाइन्ट झन्डै पाँच ठाउँमा थियो। प्रत्येक चेकिङ प्वाइन्टमा शरीर जाँचपछि अघि बढ्न पाइन्थ्यो ।

पाँचौं तथा अन्तिम प्रवेशद्वारमा चेकजाँचपश्चात् रामललाको प्राङ्गणमा प्रवेश पायौं । मन्दिर निर्माणको कार्य भइरहेकाले रामललाको जन्मस्थललाई सामान्य छेकबार लगाएर सुरक्षा निगरानीसहित दर्शनको प्रबन्ध मिलाइएको थियो । दायाँ-बायाँ हेर्दै भक्तजनको पङ्क्तिसँगै हामी बिस्तारै अघि बढिरहेका थियौं । अन्ततः रामललाको दर्शन गर्ने सौभाग्य पाएर अन्तरात्मा मुग्ध भयो । शरीर रामललाको प्राङ्गणमा भए तापनि अन्तरात्मा गोरखपुरतर्फ फर्कियो, जहाँ गाडी चालकलाई 'सीधे चलो' अर्थात् अयोध्या जाने सङ्केत गरिएको थियो । सोही बेला रामायणको एक श्लोक स्मरण भयो, जुन बाल्यकालमा हजुरबुबा (स्व भागवत मिश्र)को मुखारबाट बेलाबेला सुन्न पाइन्थ्यो–

होइहि सोइ जो राम रचि राखा ।
को करि तर्क बढावै शाखा ॥
अस कहि लागे जपन हरिनामा ।
गई सती जहँ प्रभु सुखधामा ॥

यो प्रसङ्ग त्यो समयको हो, जब माता सतीले श्रीरामको परीक्षा लिन गइरहेकी थिइन् । भगवान् शिवले श्रीराम नै परमब्रह्म र ईश्वर हुन् भन्ने कुरा बताए पनि माता सतीले विश्वास गरिनन् । भगवान् शिव, जो विश्वासको प्रतीक, सत्य वचन, त्रिकालदर्शी, देवों का देव, ज्ञानी, योगी र भगवान् शिवकी अर्धाङ्गिनी माता सती, जसलाई संसारले पतिव्रताको रूपमा पूजा गर्दछ, उनी भगवान् शिवको वचनलाई मान्न तयार भइनन्। भगवान् शिवले उपरोक्त श्लोक अर्थात् 'रामले जे रचेका छन्, त्यहीं हुन्छ, तर्क गरेर प्रसङ्गलाई बढाउनुको अर्थ छैन' भन्दै उनी श्रीहरिको जपमा लिन भए । त्यसपछि माता सती त्यहीं जानुभयो, जहाँ सुखको धाम श्रीराम विराजमान हुनुहुन्थ्यो ।

प्रभु रामकै कृपाको कारण बनारसको यात्रा अयोध्यातर्फ मोडिएको विषयमा म घोत्लिइरहेको थिएँ। अचानक विकाश दाइको स्वर कानमा पुग्यो, "राजेश ?" म ब्यूँझिएँ। चेतनामा फर्किएँ। मनमनै 'जय श्रीराम, जय हो कृपा निधान' भन्दै भगवान् श्रीरामप्रति कृतज्ञता प्रकट गरें । बिस्तारै मेरो पाइला सय मिटर पर विकाश दाइतर्फ बढिरहेको थियो । निधारमा पसिना देखेर विकाश दाइले मलाई पानीको बोतल थमाए । पानी खाँदै हामी हिंडिरहेका थियौं। मन्दिरको सुरक्षार्थ ठूलो सङ्ख्यामा प्रहरीबल तैनाथ थिए । मन्दिरको निर्माण कार्यमा प्राविधिक देखि कामदारसम्म, आआफ्नो जिम्मेवारीमा तल्लीन रहेको दृष्टिगत भयो। पुरानो तथा नवसंरचनाहरू अवलोकन गर्दै हामीले निकास द्वार पार गऱ्यौ ।

राममन्दिरदेखि दश मिनेटको दूरीमा अवस्थित हनुमानगढीतर्फ हामी अघि बढिरहेका थियौं। साँघुरो सडकको दुवैतर्फ प्रसाद र पूजन सामग्रीका पसलहरूमा भक्तजनहरूको निकै भीडभाड थियो । दृश्यावली अवलोकनमा मग्न हामीलाई हनुमानगढीको दश मिनेटको दूरी तय गर्न आधा घण्टाभन्दा बढी समय लाग्यो। घण्टाको 'टनटन' र जय हनुमानको मिश्रित गुञ्जले माहोल निकै उत्साहजनक थियो । श्रद्धालुहरूको घुइँचो बयान गरिनसक्नु थियो। मुख्य प्रवेशद्वारमा पुग्नै लाग्दा अत्यधिक भीडका कारण कपाट बन्द भयो । त्यसपछि भीडले झन् ठूलो स्वरमा 'जय हनुमान' को नारा गुञ्जाउन थाल्यो । सुरक्षामा तैनात प्रहरी बलले केहीबेरमा नै मुख्य द्वार पुनः खुल्ने सङ्केत गरिरहेको थियो । अन्ततः प्रवेशद्वार खुल्यो।

श्रीराम भक्त हनुमानको दर्शन-पूजा गरियो। त्यसपछि चबुतरामा बसेर 'ॐ हनुमते नमः' को जाप गरियो। मन्दिरको कुना कन्दराको अवलोकन गरिसकेपछि हामी निकास द्वारबाट बाहिर निस्कियौं। मन्दिर छेवैमा उखुको सर्बत एक/एक गिलास पिएपछि गाडी पार्किङ स्थलतर्फ बढ्यौं । लगभग ११ बजे हामी होटल फर्कियौं ।

'होइहि सोइ जो राम रचि राखा...' झैं रामको रचना हाम्रो मानसपटलमा 'धार्मिक यात्राको मीठो अनुभूति'को रूपमा अङ्कित भइसकेको छ। अयोध्याधामको मनोरम दृश्य हृदयमा सजाएर करीब साढे १२ बजे हामी बनारसको लागि प्रस्थान गऱ्यौ। क्रमशः...

### आजको राशिफल

| | |
|---|---|
| मेष — कर्मप्राप्ति | वृष — राज्यभय |
| मिथुन — वादविवाद | कर्कट — यात्रालाभ |
| सिंह — कडाश्रम | कन्या — कार्यनाश |
| तुला — उदरपीडा | वृश्चिक — मित्रमिलन |
| धनु — कान्तिक्षय | मकर — भाग्योदय |
| कुम्भ — बेचैनी | मीन — मनोरञ्जन |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


### रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसो: ३:४० बजे

बालश्रम दण्डनीय अपराध हो,
बालबालिकालाई कुनै पनि श्रमजन्य कार्यमा नलगाऔं ।
वीरगंज महानगरपालिका

# सबैको सहकार्यमा पोखरियाको विकास गर्छु– प्रमुख चौहान

प्रस, पोखरिया, ६ जेठ/

पोखरिया नगरपालिकाका



तस्वीरः प्रतीक

नवनिर्वाचित नगरप्रमुख प्रद्युम्न चौहानले पोखरियाको विकासको सवालमा सबैको सहयोग लिएर अगाडि बढ्ने प्रतिबद्धता जाहेर गरेका छन्।

निर्वाचन अधिकृतको कार्यालयले शुक्रवार आयोजना गरेको प्रमाणपत्र वितरण कार्यक्रममा नगरप्रमुख चौहानले सो प्रतिबद्धता जाहेर गरेका हुन्। उनले पोखरियाको विकासको सवालमा यस अघि जसरी सबैजनाको सहकार्य रह्यो सोही अनुरूप सबैको सहयोग सहकार्य लिएर अगाडि बढ्ने बताए। उनले चुनावमा जीतहार हुन्छ तर यसलाई सहजरूपमा लिन आग्रह गरे। हामी विकासको लागि चुनावमा लडेका हौं र त्यो गर्ने कुरामा चुक्दैनौं। जितेको दम्भमा रहँदैन, हारेको पीडा तपाईहरू महसूस नगर्नूस्, पोखरियाको सवालमा हाम्रा कार्यक्रम यथावत् रहने छन्।

कार्यक्रममा नगरप्रमुखमा पराजित निवर्तमान प्रमुख दीपनारायण रौनियार, निजामुद्दीन समानी, राजु साहले पोखरियाको विकासको सवालमा हरसम्भव सहयोग गर्ने प्रतिबद्धता जाहेर गरे।

पोखरियाका निवर्तमान उपप्रमुख सलमा खातुनले निर्वाचित उपप्रमुखलाई सबै प्रकारको सहयोग पुऱ्याउने प्रतिबद्धता जाहेर गरिन्। उनले आफ्नो सहयोगको आवश्यकता महसूस गरेको खण्डमा हरबखत सहयोग गर्ने बताइन्।

निर्वाचन अधिकृत पद्मबहादुर कार्कीको अध्यक्षतामा भएको कार्यक्रममा पोखरिया नगरपालिका कार्यालयका प्रमुख प्रशासकीय अधिकृत अशोक रौनियारलगायतको सहभागिता थियो। कार्यक्रममा नवनिर्वाचित प्रमुख, उपप्रमुख, वडाध्यक्षहरूलाई निर्वाचन अधिकृत कार्कीले प्रमाणपत्र वितरण गरेका थिए।



हावाहुरीका कारण अवरुद्ध ठोरी-माडी सडकखण्ड अन्तर्गत चितवन राष्ट्रिय निकुञ्जमा ढलेको रूख स्थानीयद्वारा हटाएर यातायात आवागमन सुचारु गरिएको थियो। तस्वीरः चिरञ्जीवी सापकोटा

# चोरीको मोटरसाइकलसहित दुई जना पक्राउ

प्रस, पर्सागढी, ६ जेठ/

मोटरसाइकल चोरीको आरोपमा पर्सा प्रहरीले दुईजनालाई पक्राउ गरेको छ।

करीब दश दिन अघि वीरगंज–२१ का कुखुरा व्यवसायी कुँवर क्षत्रीको


तस्वीरः प्रतीक

नेपाली नं को टिभिएस मोटरसाइकल चोरी भएको थियो।

चोरी भएको सो मोटरसाइकल भारतीय नं प्लेटमा शुक्रवार मनवा बजारमा देखेपछि कुँवरका साथीहरूले बडनिहार प्रहरीको जिम्मा लगाएका थिए। बडनिहार प्रहरीले इलाका प्रहरी कार्यालय पटेर्वासुगौलीको जिम्मा लगाएको र पक्राउ परेका दुई जना शङ्कास्पद व्यक्तिले मोटरसाइकल चोरी गरेको स्विकारेका हुन्। उनीहरूले अर्को पनि मोटरसाइकल चोरी गरेको र सो मोटरसाइकल मनवा प्रहरी चौकीका हवल्दार मनोज यादवले प्रयोग गरेको रहस्य पनि खोले।

चोरद्वय पर्सागढी नपा–९ का निरञ्जन यादव, धिराज यादवले प्रहरीलाई चोरीको प्लाटिना मोटरसाइकल हवल्दार यादवले प्रयोग गरेको बताए। यसबारे हवल्दार यादवले उनीहरू चिनजानका व्यक्ति भएकाले घर जानका लागि मोटरसाइकल लिएको र मोटर साइकल आफूसँग रहेको बताएका छन्।

दुवै चोरले पर्सागढी–९ का अजय यादव पनि चोरी घटनामा संलग्न रहेको बयान दिएका छन्। इप्रका पटेर्वासुगौलीले बरामद मोटरसाइकल र पक्राउ परेका दुईजनालाई नियन्त्रणमा लिएको र थप अनुसन्धान जारी रहेको जनाएको छ।

# मतपत्र लुटेको आरोपमा बैठा पक्राउ

प्रस, वीरगंज, ६ जेठ/

रौतहट प्रहरीले रौतहट मतदान केन्द्रबाट मतपेटिका लुटेर फरार भएको आरोपमा एकजनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा यमुनामाई गाउँपालिका वडा २ बस्ने ४६ वर्षीय चन्देश्वर बैठा रहेको प्रहरीले जनाएको छ।

बैठालाई घरमैं लुकीछिपी बसेको अवस्थामा पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय, रौतहटले जनाएको छ।

पक्राउ परेका बैठामाथि निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ बमोजिम कानूनी कारबाईको लागि रौतहट जिल्ला अदालतबाट म्याद थप गरी अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

वैशाख ३० गते भएको स्थानीय तह निर्वाचनका दिन यमुनामाई गाउँपालिका–२ स्थित श्री मावि भेडियाही विद्यालयस्थित मतदान केन्द्रबाट मतपेटिका लुटपाट भएको थियो।

# कोल्हवी नगरपालिकामा काङ्ग्रेस विजयी



कोल्हवी नगरपालिकाका प्रमुख रामप्रसाद चौधरी, उपप्रमुख लक्ष्मी चौधरी


प्रस, बारा, ६ जेठ/

बाराको कोल्हवी नगरपालिकाको प्रमुख/उपप्रमुखमा नेपाली काङ्ग्रेसका उम्मेदवार निर्वाचित भएका छन्।

नगरप्रमुखमा रामप्रसाद चौधरी र उपप्रमुखमा लक्ष्मीकुमारी चौधरी निर्वाचित भएका हुन्। चौधरीले निकटतम प्रतिस्पर्धी एमालेका भरतबहादुर भण्डारीलाई ७०० बढी मतान्तरले हराए। चौधरीले नौ हजार १०५ तथा भण्डारीले आठ हजार ३०७ मत ल्याएका थिए।

यसैगरी उपप्रमुखमा एमालेकी सुनैना थरूनीलाई ६०० बढी मतले पराजित गर्दै काङ्ग्रेसकी लक्ष्मीकुमारी चौधरीले जीत हासिल गरिन्। लक्ष्मीले नौ हजार ८८ तथा सुनैनाले आठ हजार ४८३ मत प्राप्त गरेका छन्। विसं २०७४ मा कोल्हवी नगर प्रमुखमा एमालेका भण्डारी र एमालेकै थरूनी निर्वाचित भएका थिए।

# सिम्रौनगढ नपामा लोसपा विजयी



किशोरीप्रसाद कलवार

प्रस, सिम्रौनगढ, ६ जेठ/

सिम्रौनगढ नगरपालिका प्रमुखमा लोसपाका किशोरीप्रसाद कलवार विजयी भएका छन्। उनले ११ हजार १३७ मत ल्याए भने उनका निकटतम प्रतिद्वन्द्वी निवर्तमान नगरप्रमुख नेपाली काङ्ग्रेसका विजयशङ्कर यादवले ९ हजार ३११ मत ल्याए।

उपप्रमुखमा लोसपाकै नजमु शेहर ९ हजार ८४३ मत ल्याई विजयी भइन्। उनकी निकटतम प्रतिद्वन्द्वी नेकाकी रिता कुशवाहाले ८ हजार ४६३ मत ल्याइन्।

सिम्रौनगढ नगरपालिकाको ११ वटा वडामा काङ्ग्रेस ८, लोसपा २ र नेकपा एकीकृत समाजवादी पार्टी १ सिटमा विजयी भएका छन्।

# माछा कृषक, व्यापारीसँग अन्तर्क्रिया

प्रस, सिम्रौनगढ, ६ जेठ/

माछा उत्पादक कृषक, व्यापारीबीच व्यवसाय विकाससम्बन्धी अन्तर्क्रिया


तस्वीरः प्रतीक

कार्यक्रम शुक्रवार सिम्रौनगढ नगर पालिका–५ उचिडिह स्वास्थ्य चौकीमा सम्पन्न भएको छ।

शुभेच्छा ह्याचरी फार्मका सञ्चालक कामेश्वर कुशवाहाको अध्यक्षतामा भएको कार्यक्रममा माछापालक किसान, ह्याचरी फार्म तथा व्यापारीहरूको समस्या तथा चुनौतीबारे छलफल गरिएको थियो।

कार्यक्रममा कृषि विकास बैंक कोल्हवीका सहजकर्ता विमला खनाल, सिम्रौनगढ शाखाका शेख अन्सारूल, मानव अधिकारकर्मी रन्जीत कुशवाहा, माछापालक शिवमङ्गल पटेललगायतले मन्तव्य राखेका थिए। कार्यक्रममा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना सिम्रौनगढका प्रमुख डा. हेमचन्द्रकुमार जैसवार, कृषि विकास बैंक मधेस प्रदेश प्रमुख नारायण आचार्य, कृषि विकास बैंक शाखा अमृतगंजका प्रमुख धीरेन्द्रलगायतको सहभागिता थियो। कृषि विकास बैंक शाखा अमृतगंज, सिम्रौनगढले आयोजना गरेको कार्यक्रमको सहजीकरण कृषि विकास बैंक प्रदेश कार्यालय वीरगंजको फिल्ड अफिसर आनन्दीप्रसाद यादवले गरेका थिए।

## पराजयपछि.........

तीनजनालाई पक्राउ गरेको बताइएको छ।

पर्सा प्रहरीका प्रवक्ता ओमप्रकाश खनालले घटनामा संलग्न रहेको आरोपमा यादवसहित नुरमान मियाँ र अर्का एकजनालाई पक्राउ गरेको बताए। उनले घाइतेमध्ये महम्मद मियाँ र आयशा खातुनको अवस्था गम्भीर रहेको चिकित्सकले जनाएको बताएका छन्। उनीहरू दुवैको टाउकोमा चोट लागेको प्रहरीले जनाएको छ।




## चट्याङ्को समयमा सतर्क रहौं

चट्याङबाट बच्ने उपायः

- बिजुली चम्केको बेला सतर्क रहने,
- विद्युतीय तरङ्ग टिप्न सक्ने फलाम, चीसो वस्तु नछुने,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बस्ने,
- खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने,
- सकभर अग्लो स्थानमा नबस्ने,
- धातुका ह्यान्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सूचना

लिपनीबिर्ता, हाल वीरगंज महानगरपालिका–२१ पटेलनगरस्थित यस हिमालयन डिष्टिलरी लिमिटेडको तपसिलमा उल्लेख भएको ६ चक्के सवारी साधन बिक्री वितरण गर्नुपर्ने भएकोले उक्त सवारी साधन खरीद गर्न इच्छुक महानुभावहरूबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र प्राप्त हुने गरी दररेट तथा शर्तहरूसमेत उल्लेख भएको शिल्ड टेन्डर निम्न ठेगानामा पुग्नेगरी आह्वान गरिएको छ।

तपसिल

| क्रसं | सवारीको किसिम | सवारी दर्ता नं. | रङ्ग | सवारी दर्ता मिति | मोडेल | बनेको वर्ष |
|---|---|---|---|---|---|---|
| १. | आइसर बस | बा.१ क ६२७४ | सेतो | २०६५/०३/०२ | Eicher १०.७५ H | २००८ |

***दर्ता गर्ने ठाउँ***

मुख्य कार्यालय
हिमालयन डिष्टिलरी लि.
प्रशासन विभाग, वीमनपा–२१, पर्सा
सम्पर्क नं.: ९८४५५२८३६९